जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २३९ • २०८२ आषाढ ५ गते विहिवार • 19 Jun. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




# मटिहानी नगरपालिकाको ४४ करोड ५० लाखको बजेट सार्वजनिक, कृषि, शिक्षा र स्वास्थ्य प्राथमिकतामा



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ४ आषाढ**

महोत्तरीको मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले आर्थिक वर्ष २०८२/०८३ को निति तथा कार्यक्रम प्रस्तुत गरेका छन्। मटिहानी नगरपालिकाको १५ औं नगरसभाको खुला सत्रमा निति तथा क्रार्यक्रमसँगै आव २०८२/०८३ को लागि कुल बजेट ४४ करोड ५० लाख बनियोजन गरिएको छ।

जसमा राजश्व बाँडफाँड तर्फको १० करोड ५ लाख, सघीय सरकारको तर्फको २८ करोड १० लाख, प्रदेश सरकारको १ करोड २६ लाख र आन्तरिक श्रोतबाट जम्मा ५ करोड ९० लाख गरी कुल ४४ करोड ५० लाख को बजेट नगरप्रमुख मण्डलले प्रस्तुत गरेका छन्। नीति तथा कार्यक्रम र बजेटको उद्घाटन सत्रमा मेयर मण्डलले प्रस्तावित गरेको बजेटमाथि सभामा छलफल भई बजेट पारित हुनेछ । मेयर मण्डलको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा उहाँले नीति, कार्यक्रम तथा बजेटमा कृषि, शिक्षा र स्वास्थ्यलाई प्रमुखता दिँदै यस आर्थिक वर्षमा यी तीनै महत्वपूर्ण विषयका साथै मटिहानीको धार्मिक, ऐतिहासिक र पर्यटकीय विकासको क्षेत्रमा समेत उल्लेख्य सकारात्मक कदम उठाउने बताएका छन्। उनले मटिहानीको मुख्य पहिचान नै मटिहानीको विकासको मूल आधार भएकाले विगतका वर्षहरूमा मटिहानीको धार्मिक, ऐतिहासिक र पर्यटकीयका साथै पहिचानका लागि विकासका मूल फुटाउने बताए।

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो नगरसभाबाट मेयर मण्डलले केही महत्वाकांक्षी योजनासमेत सार्वजनिक गरेका छन्। उनले कृषि तथा पशुपालनको क्षेत्रमा थप योजनाहरूसहित यस क्षेत्रको विकासमा निरन्तरता, व्यावसायिक खेती र पशुपालनमा युवाको सहभागिता लगायतमा काम गर्ने बताए। त्यस्तै, उद्योग वाणिज्यतर्फ विभिन्न तालिम तथा व्यवसाय सञ्चालनमा नगरपालिकाले सहयोगी भूमिका निर्वाह गर्ने उनल थपे। यता पर्यटनमा विकासका लागि मटिहानी मठलाई विश्व सम्पदा सूचीमा राख्न सरकारलाई अनुरोध गर्ने तथा मटिहानीभित्रका विभिन्न पोखरी, जलसागर, गोसाइँकुण्ड आदिको सौन्दर्यीकरणमा जोड दिने बताए। आन्तरिक तथा बाह्य पर्यटकीय स्थलहरुको प्रबर्द्धनका लागि नगरपालिकाका कर्मचारीहरुलाई आर्थिक सुविधा सहित १० दिनको पर्यटन काज दिने व्यवस्था मिलाइने बताइएको छ । मटिहानी नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटकलाई बढावा दिन नगरभित्रका मठ मन्दिर तथा मस्जिदहरूलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न प्रचारप्रसार, वृत्तचित्र निर्माणलगायत थप संस्कृति झल्काउने भौतिक पूर्वाधारहरू विकास गरिने बताए। त्यस्तै, शिक्षाको क्षेत्रमा मैथिली भाषाको विकास, संरक्षण तथा संवर्द्धन गर्न नगरभित्रका सामुदायिक विद्यालयको कक्षा एकदेखि आठसम्मको पाठ्यक्रममा सय अंकको मैथिली भाषा समावेश गरी अध्ययन गराइने व्यवस्था मिलाइने बताए।

त्यस्तै, विद्यार्थीको सूचना प्रविधिमा पहुँच पुऱ्याउन जोडकोषमा आधारित ल्यापटप वितरण, कक्षा ११ मा अध्ययनरत छात्राहरूलाई निःशुल्क साइकल वितरण , दलित, विपन्न, गरिब, अपांग, असहाय तथा सहिद परिवारका जेहेनदार विद्यार्थीलाई नगरप्रमुख छात्रवृत्ति पुरस्कार सहयोगको व्यवस्था गरिने नगरप्रमुखले नीति, कार्यक्रम तथा बजेटमा उल्लेख गरिएको छ। त्यस्तै, नगरक्षेत्रभित्रका सबै सामुदायिक विद्यालयमा फ्री बुक एन्ड ब्याग डे कार्यक्रम सञ्चालन गरी विद्यार्थीको मनोबल उच्च बढाउनुको साथै सीप विकासमा जोड दिने उल्लेख गरिएको छ । यता स्वास्थ्यतर्फ मटिहानी नगरपालिकाले बर्थिङ सेन्टरले रेफर गरेको खण्डमा जनकपुरसम्मका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ । गर्भवतीका लागि अल्ट्रासाउन्ड निःशुल्क गरिनुका साथै आयुर्वेद तथा पारम्परिक चिकित्सा प्रणालीको विकास गरिने उल्लेख छ।

यसका अलावा समावेशीकरण/गरिबी निवारण तथा कला, संस्कृति, खेलकुद, पूर्वाधार विकास, सिँचाइ, भवन तथा सहरी विकास, सञ्चार, वातावरण तथा विपत् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम, संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति तथा कार्यक्रम लगायतमा आवश्यक बजेट तथा योजनाहरू सञ्चालन गरिने मेयर मण्डलले उल्लेख गरेका छन्।

# देशभर आंशिक देखि साधारणतया बदली

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ आषाढ**



हाल कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेशका केही भू-भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रका थोरै भू-भागमा मनसुनी वायुको प्रभाव रहेको छ। साथै देशको पश्चिम भू-भागमा पश्चिमी वायु तथा स्थानीय वायुको आंशिक प्रभाव रहेको छ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर आंशिक देखि साधारणतया बदली रहेको छ। बागमती प्रदेशका थोरै स्थानहरूमा तथा कोशी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशको एक/दुई स्थानमा मेघगर्जन र चट्याङ सहित हल्का देखि मध्यम वर्षा भईरहेको छ। आज दिउँसो देशभर साधारणतया बदली देखि पूर्णयता बदली रहनेछ। कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानहरू र बाँकी प्रदेशका केही स्थानहरुमा मेघगर्जन र चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा भारी देखि धेरै भारी वर्षाको पनि सम्भावना रहेको छ। देशका उच्चपहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरू हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ । यस्तै, आज राती देशभर साधारणतया बदली देखि पूर्णयता बदली रहनेछ। कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानहरू र बाँकी प्रदेशका केही स्थानहरुमा मेघगर्जन र चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ।




अनुरोधकर्ता
बटेश्वर गाउंपालिकाको कार्यालय
धनुषा,मधेश प्रदेश

## बाढी र पहिरोबाट जोगिऔं

**बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौं:**

- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधी, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# मातृमृत्यु दर रोक्न जरुरी

*नेपालको मातृ मृत्यु सम्बन्धी पछिल्लो तथ्यांकले 'नेपाल मातृ मृत्युदर निगरानी अध्ययन २०७८' अनुसार, नेपालको मातृमृत्यु दर प्रति एक लाख जीवित जन्ममा १ सय ५१ रहेको देखिन्छ। जनगणना २०७८ सँगै गरिएको सो अध्ययनले कुल ६५३ जना महिलाहरूको मृत्यु गर्भावस्था वा सुत्केरी (प्रसव भएको ४२ दिनभित्र) भएको देखाएका छन भने यस अवस्थामा मृत्यु हुनुका कारणहरूमा गर्भ, गर्भका जटिलता, प्रसवका जटिलताहरू त छँदैछ, गर्भसँग सम्बन्धित नभएका अन्य रोगहरू जस्तै निमोनिया, मुटुका समस्या, कलेजो/मिर्गौलाको समस्या, संक्रमणहरू ३२ प्रतिशत रहेको देखिन्छ ।*

*अर्थात्, मातृमृत्युका कारण अन्य मानिसहरूलाई हुने रोगहरू पनि हुन सक्छ, गर्भवतीहरू केवल गर्भका जटिलताले मात्र ज्यान गुमाउँदैनन् भन्ने स्पष्ट देखिन्छ । नेपाल जस्तो उष्णदेशीय जलवायु भएको देशमा वर्षाले धेरै समस्या लिएर आउँछन् भने देखिन्छ। जहाँ पानी धेरै पर्छ, त्यहाँ सडकमै पानी जम्छ, नालामा फोहोर थुप्रिन्छ, खानेपानी दूषित हुने समेत देखिन्छ ।*

*यिनै कारणले झाडा-पखाला, टाइफाइड, हेपाटाइटिस, स्किन इन्फेक्सन, रुघाखोकी, निमोनियाजस्ता रोगहरू बढ्दै आएको देखिन्छ । अरू बेला सामान्य रूपमा निको हुने हेपाटाइटिस् 'ई' को संक्रमण गर्भावस्थामा अति नै गम्भीर बन्दै गएको देखिन्छ । दूषित पानीका कारण हुने हेपाटाइटिस ई को संक्रमणले गर्भावस्थामा मृत्युको जोखिम ४० प्रतिशतसम्म रहेको देखिन्छ। त्यसैले यस्ता घटनाहरुलाई रोक्न हामीले सक्दो सरसफाई राखौं। स्वस्थ आमा भनेको सुरक्षित शिशु र सुरक्षित आमा नै हो र यो बनाउन सक्नु भनेको सचेत परिवार र समाजको जिम्मेवारी समेत रहेको छ ।*

# रौतहटको गौरस्थित प्रादेशिक अस्पताल मधेस प्रदेशमा पुनः उत्कृष्ट

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ४ आषाढ**

रौतहटको सदरमुकाम गौरस्थित प्रादेशिक अस्पताल मधेस प्रदेशमा पुनः उत्कृष्ट बनेको छ। मधेस प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गत न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रम अनुसार गरिएको अनुगमन निरीक्षणपछि कार्यसम्पादन मूल्याङ्कनको आधारमा गौर अस्पताललाई उत्कृष्ट घोषणा गरिएको हो।

प्रादेशिक अस्पताल गौर मूल्याङ्कनको आधारमा कुल ९१ प्रतिशत नम्बर ल्याएर मधेस प्रदेश को ६ वटा प्रादेशिक अस्पतालमध्ये उत्कृष्ट र देशकै ५० बेडका २० प्रादेशिक अस्पतालमध्ये टपटेनमा कायम रहेको मेडिकल सुपरीटेन्डेन्ट डाक्टर मुरारी ठाकुरले बताएका छन्। प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गत न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमलगायत विभिन्न निकायका ११ सदस्यीय टोलीले प्रादेशिक अस्पताल गौरको सूक्ष्म तरिकाले छड्के अनुगमन निरीक्षण गरी सोमवार निष्कर्षमा पुगेको थियो। अनुगमन निरीक्षणपश्चात् सोमबार



साँझ अस्पतालको सभाकक्षमा एक विशेष कार्यक्रमको आयोजना गरी नम्बरिङको निष्कर्ष निकालिएको अस्पताल विकास समितिका अध्यक्ष महमद अनवर हासमीले बताएका छन्। न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रम अन्तर्गत अनुगमन टोलीले अस्पतालले दिइरहेको सेवा, डाक्टर स्वास्थ्य कर्मीको अवस्था, उनीहरूले बिरामीसँग गर्ने व्यवहार, भौतिक पूर्वाधारको अवस्था, एम्बुलेन्स, क्यान्टिन, बिरामीको बेड, अप्रेसन कक्ष, शौचालयको अवस्था, सरसफाइ, अस्पतालले बिरामीलाई दिने सुविधा लगायतको मूल्याङ्कन गरी छुट्टाछुट्टै नम्बर दिने गरेको अध्यक्ष हासमीले जानकारी दिएका छन्। कार्यक्रममा वक्ताहरूले केही समय अघिसम्म जिल्ला गौर प्रादेशिक अस्पताल रेफरल अस्पतालको नामले परिचित भएको थियो। तर वर्तमान अस्पताल विकास समितिका अध्यक्ष हासमी, मेडिकल सुपरिटेन्डेन्ट डाक्टर ठाकुरको नेतृत्वमा प्रादेशिक अस्पताल गौरमा कार्यरत सम्पूर्ण डाक्टर, स्वास्थ्यकर्मी तथा सम्पूर्ण कर्मचारी अहोरात्र खटेर यो पहिचान कायम गर्न सफल भएको बताएका थिए। यस अघि गत फागुन ६ गते ८९ अंक ल्याएर प्रादेशिक अस्पताल गौर प्रदेशमा उत्कृष्ट तथा देशमै टप टेनको सूचीमा परेको थियो।

# सांसद यादवद्वारा संसदमा बजेट अधिवेशन चलिरहेको बेला संसदीय समितिहरूमा विधेयकमाथिको छलफल रोक्न आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ आषाढ**

नेपाली कांग्रेसकी सांसद नागिना यादवले संसदमा बजेट अधिवेशन चलिरहेको बेला संसदीय समितिहरूमा विधेयकमाथिको छलफल रोक्न आग्रह गरेकी छन्। मंगलबार सिंहदरबारमा बसेको कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै उनले सांसदहरू बजेटजस्तो महत्त्वपूर्ण विषयमा केन्द्रित हुनुपर्ने भएकाले विधेयकमा पर्याप्त समय दिन



नसकिने बताइन्। समितिमा 'नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१' माथि संशोधनकर्ताहरूसँग छलफल चलिरहँदा सांसद यादवले यस्तो धारणा राखेकी हुन् ।

उनले संसद्को पूर्ण बैठक र समिति बैठक एकै समयमा पर्दा सांसदहरू दुवैतर्फ सहभागी हुन नसक्ने र विधेयकमाथिको छलफल केवल औपचारिकतामा सीमित हुने खतरा औंल्याइन्। 'समयको व्यस्तता र पाबन्दीलाई हेरौं,' समितिको ध्यानाकर्षण गराउँदै उनले भनिन्, 'बरु बिदाको दिन बैठक बोलाउनुहोस्, हामी उपस्थित हुन्छौं।

तर बजेट अधिवेशनको बेला बोलाउँदा संशोधनकर्ता माननीयज्यूहरू पनि आउन सक्नुहुन्न र हामीले पनि विधेयकलाई जति महत्त्व दिनुपर्ने हो, त्यो दिन सक्दैनौं।' सांसद यादवले यसरी हतारमा छलफल गर्दा विधेयकका प्रावधानहरूलाई परिपक्व र जनमुखी बनाउन नसकिने स्पष्ट पारिन्।

## मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ

- बालबालिकाहरुको आर्थिक, सामाजिक एवं शिक्षाको स्तर अत्यन्तै कमजोर रहेको यथार्थलाई आत्मसात् गर्दै मधेश प्रदेश सरकारले मुख्यमन्त्री **बेटी पढाउ, बेटी बचाउ** अभियान सञ्चालन गर्दै आएको छ।
- छोरीलाई विद्यालय पठाई उनीहरुको व्यक्तिको विकासका अतिरिक्त सशक्तिकरणको माध्यमबाट लोककल्याणकारी राज्यको अवधारणा अनुरुप विभेदमुक्त सामाजिक न्याय स्थापना गर्ने सन्देश प्रवाह गरी छोरा र छोरीबीचको सामाजिक विभेद अन्त्य गर्ने यो अभियानको मुख्य उद्देश्य रहेको छ।
- यस अभियानमा सबैले आआफ्नो स्थानबाट सक्दो सहयोग गरौं।

**मुख्यमन्त्री मन्त्रिपरिषद्को कार्यालय,मधेस प्रदेश**

## तपाईको टुडे

मेषः मनमा पछुतो आउने

वृषः लामो यात्राको योग छ

मिथुनः अनावश्यक चिन्ता

कर्कटः पिछडेको साथी मिल्ने

सिंहः अनावश्यक खर्चको संभावना

कन्याः आम्दानी हुने

तुलाः विचार गरेर बोल्नुहोला

वृश्चिकः शुभ कार्यको शुरुवात

धनुः खानपानमा समस्या आउने

मकरः अशुभ समाचार प्राप्त हुने

कूम्भः मित्रतामा फाटो आउने

मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# इरानविरुद्ध 'थप कदम' चाल्न सक्ने ट्रम्पको संकेत

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ आषाढ**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक कार्यक्रम रोक्न 'थप कदम' चाल्न आवश्यक रहेको निर्णय लिन सक्ने उपराष्ट्रपति जेडी भान्सले मङ्गलबार बताएका छन्।

भान्सले एक्समा लेख्दै भनेका छन्, "राष्ट्रपतिले हाम्रो सेनाको ध्यान हाम्रा सेनाको सुरक्षा र हाम्रा नागरिकको सुरक्षामा केन्द्रित गर्न उल्लेखनीय संयम देखाउनुभएको छ। उहाँले इरानी युरेनियम संवर्द्धन अन्त्यका लागि थप कदम चाल्न आवश्यक रहेको निर्णय लिन सक्नुहुन्छ।" यसैबीच, तेहरानबाट प्राप्त सूचनाअनुसार इरान र इजरायलबीच लगातार पाँचौं दिन पनि हवाई आक्रमण जारी रहँदा मङ्गलबार तेहरानमा ठूला विस्फोटका आवाजहरू सुनिएको इरानी सञ्चारमाध्यमले जनाएका छन्। इजरायली आक्रमणका कारण इरानमा इन्टरनेट सेवा अवरुद्ध भएको र यसले सूचना र समाचारको पहुँचमा कठिनाइ भइरहेको इरानी सञ्चारमाध्यमले मङ्गलबार जानकारी दिएका छन्। "धेरै प्रान्तका इन्टरनेट प्रयोगकर्ताहरूले व्यापक रूपमा इन्टरनेट अवरुद्ध भएको रिपोर्ट गरिरहेका छन्," हाम मिहान पत्रिकाले उल्लेख गरेको छ। मङ्गलबार अन्य सञ्चारमाध्यमले पनि यस्तै समाचार सम्प्रेषण गरेका छन्। इन्टरनेट अवरोधको तत्काल कारण भने खुल्न सकेको छैन।

# 'महाभोज' हेरेपछि सेलिब्रेटीहरूले के भने ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ आषाढ**



शुक्रबारबाट प्रदर्शन भएको नेपाली चलचित्र 'महाभोज' विभिन्न सेलिब्रेटीहरूले पनि हेरेका छन्। सहकारी ठगीजस्तो संवेदनशील सामाजिक यथार्थ र मानवीय संवेदनशीलतालाई गहिराइमा चित्रण गरेको भन्दै उनीहरुले चलचित्रको प्रशंसा गरेका छन्।

सोमबार साँझ 'महाभोज' हेर्न कलाकार हरिवंश आचार्य, सरोज खनाल, जितु नेपाल, आयुष्मान देशराज जोशी, परीक्षा लिम्बु, निर्देशक तुलसी घिमिरे, नवीन चौहान, प्रदीप भट्टराई, साहित्यकार अमर न्यौपाने, विवेक ओझा, राजनीतिक विश्लेषक मुमाराम खनाल, समाज शास्त्री निर्मला ढकाल लगायतको उपस्थिति थियो। चलचित्र हेरेपछि उनीहरूले 'महाभोज' ले उठाएका विषयवस्तु र यसको प्रस्तुति उचित भएको बताए। साहित्यकार अमर न्यौपानेले चलचित्रले कानुनी राज्यको चुनौती माथि प्रश्न उठाएको बताए। 'यत्रो सङ्घर्ष गरेर हामीले संविधान, कानुन बनाएका छौँ। हामी अहिले २०८२ सालको लोकतान्त्रिक गणतन्त्रमा छौँ, तर सहकारी पीडितहरूलाई न्याय गर्न कानुनले काम गरेको छैन। पीडकहरू अझै पनि प्रमाण लुकाउने ठाउँमा छन्। यत्रो ठुलो परिवर्तनपछि पनि कानुनले काम नगर्दा बल प्रयोग गर्नुपर्ने हो त भन्ने प्रश्न यो चलचित्रले उठाउँछ। वरिष्ठ कलाकार हरिवंश आचार्यले चलचित्रले जनताको पैसाको दुरुपयोग कसरी हुन्छ भन्ने यथार्थ चित्रण गरेको बताए।'जनताको पैसालाई माथिल्लो स्तरसम्मका नेताहरूले कसरी अपचलन गरेका छन् भनेर चलचित्रमा राम्रोसँग देखाइएको छ,'उनले भने। कलाकार सरोज खनालले चलचित्रको मुख्य सन्देशलाई प्रकाश पार्दै भने, 'गोली ठोकेर मान्छे मार्ने मात्र हत्यारा हुँदैन, मर्न बाध्य पार्ने मान्छे सबभन्दा ठुलो हत्यारा हुन्छ भन्ने सन्देश नै 'महाभोज' ले दिएको सबैभन्दा ठुलो सन्देश हो।

# एलिनालाई करातेको एकल कातामा स्वर्ण

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ आषाढ**



कीर्तिपुर नगरपालिकाकी एलिना थिङले काठमाडौं जिल्लाव्यापी बृहत खेलकुदमा करातेको महिला एकल कातामा स्वर्ण पदक जितेकी छन्। एलिनाले लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा बुधबार फाइनलमा तार्केश्वर नगरपालिकाकी प्रसन्न फुयाललाई हराइन्। नागर्जुन नगरपालिकाकी बन्दना तामाङ र आयोजक काठमाडौं महानगरपालिका वडा २६ की मिस्टी श्रेष्ठ तेस्रो भए। शीर्ष तीन स्थान हात पार्नेले क्रमशः ३० हजार, १५ हजार र ५-५ हजार पुरस्कार प्राप्त गरेका छन्।

महिला टिम कुमितेमा सोनाम शेर्पा, समिक्षा ढुंगाना, मोनिका लामा, आयुशा प्रधान र मनीषा लामाको नागर्जुन टोली पहिलो भयो। काठमाडौं महानगरपालिका-३१ का महिमा राई, आशिका राई, दिया तामाङ, नानु चौधरी र रुक्साना दनुवार दोस्रो भए। गोकर्णेश्वरका टीकामाया जिम्मी, डोमा तामाङ, इभान जेलिना बस्नेत, यान्सु थोकर र आयुशा तिमल्सिना तथा तार्केश्वरका करुणा गडेल, अनु मोक्तान, एलिना तामाङ, प्रतीक्षा तामाङ र सलिना तुलाधर संयुक्त तेस्रो भए।

पहिलो हुनेले ५० हजार, दोस्रोले २५ हजार र तेस्रोले १०-१० हजार पुरस्कार जितेका छन्। दुईदिने प्रतियोगितामा महिलातर्फ दुई स्पर्धामा ८० खेलाडीले प्रतिस्पर्धा गरेको करातेका संयोजक सन्तोष श्रेष्ठले जनाएका छन्। त्यस्तै पुरुष फुटसलमा कामनपा वडा २६ र वडा १३ सेमिफाइनलमा पुगेका छन्। लैनचौर खेल मैदानमा वडा २६ ले वडा १२ लाई ९-१ को गोलले पराजित गऱ्यो। वडा १३ ले वडा १४ विरुद्ध ४-३ गोलको जित पायो। बृहत खेलकुद अन्तर्गत तेक्वान्दो बिहीबारदेखि सुरु हुनेछ।

पुरुष/महिलामा १०-१० स्पर्धामा प्रतिस्पर्धा हुने तेक्वान्दोका संयोजक गौरव रजकले जनाएका छन्। २ सय ५९ खेलाडीको सहभागिता रहनेछ। दुईदिने प्रतियोगिताका खेल लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा खेलाइने छ।




- समयमै विद्युतको बिलको भुक्तानी गरौं र नगद छुटको अवसरको फाइदा उठाऔं ।
- विद्युत चोरी नगरौं,मिटर जडान गरौं, सभ्य बनौं ।
- विद्युत सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क गरौं ।

नेपाल विद्युत प्राधिकरणको कार्यालय,जनकपुरधाम




- समयमै विद्युतको बिलको भुक्तानी गरौं र नगद छुटको अवसरको फाइदा उठाऔं ।
- विद्युत चोरी नगरौं,मिटर जडान गरौं, सभ्य बनौं ।
- विद्युत सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क गरौं ।

नेपाल विद्युत प्राधिकरणको कार्यालय, महोत्तरी

## सूचना

मधेस प्रदेशको राजधानी जनकपुरधामको कुवा रामपुरमा यो सचिवालय रहेको छ । यस प्रदेशको माननीय प्रदेश सदस्यहरुले यस सभामा प्रदेशको समग्र विकासको लागि विभिन्न नीति तथा बजेटको तर्जुमा गरी सो कार्यान्वयनको लागि प्रस्ताव राख्ने तथा सो लागु गराउने प्रमुख भूमिका खेल्दछन् । प्रदेश सभा सचिवालले जारी गर्ने बैठक सम्बन्धी सूचना सबै माननीयहरुले जानकारी प्राप्त गरी सकेपछि यस सभामा अनिवार्य उपस्थित रहन आवश्यक हुन्छ ।

**प्रदेश सभा सचिवालय**
**जनकपुरधाम, धनुषा**

# कस-कसलाई मन परेको छैन गणतन्त्र ?



-गणतन्त्रलाई न्यायपूर्ण बनाउन सामाजिक विविधताको सहभागिता जरुरी छ, अन्यथा यो इँटाभट्टामा जलेर खाक भइरहेको हाम्रो न्याय व्यवस्थाको प्रतिलिपिमा सीमित हुनेछ । प्राचीन ग्रिकमा कोरु दासहरू थिए । जसले दासताको जीवन त बाँच्नु नै थियो, तर मालिक रोज्न भने ती स्वतन्त्र थिए । त्यो समय अधिकांश दासहरू मालिक रोज्न पाउँदैनथे । पुस्ता दरपुस्ता छनोटविहीन दासतामा बाँचेको ग्रिक समाजमा कोरुहरू भने मालिक छान्न पाउने कथावाचक दास थिए ।

इसप तिनै कोरु दास थिए । कतिपय भन्छन्, 'इसप कोही व्यक्ति नभएर कथा वाचकहरूको पंक्ति थियो ।' कतिपय भन्छन्, 'इसप वर्तमानकालपूर्व छैटौं शताब्दीका वास्तविक पात्र थिए ।' इसप जो भए पनि नेपाली समाज आज पनि इसपकालीन हालतमै लड्खडिएजस्तो लाग्छ । मालिक रोज्न नपाउने दासताबाट निस्किएर मालिक रोज्न पाउने दासतामा परेको समाजजस्तो । परम्परागत दासभन्दा भिन्न कोरु दासजस्तो । जसलाई तुलनात्मक स्वतन्त्र भनिए पनि, अलिक लोकतान्त्रिक भनिए पनि दासतालाई भने शिरमा बोक्नैपर्ने हालतको समाजजस्तो । स्वतन्त्रताको कथा भन्न पाइने तर स्वतन्त्रता र अधिकारलाई कँज्याएर बसेका 'गल्लातन्त्र' को दासताले जकडिएको अवस्थाको । वंशवादी एउटा मालिकबाट छुट्कारा पाएर अलिकति स्वतन्त्रतापूर्वक श्वास लिन नपाउँदै अनेकन भगिंमामा मालिक बन्न हूल बाँधेर आएका नवमालिकहरूको दाम्लोमा बाँधिनु परेजस्तो । यही परिस्थितिले कसिएका जनतामा व्याप्त वर्तमान परिपाटीप्रति बढ्दो आक्रोश र असन्तुष्टिलाई भजाउँदै आफ्नो स्वार्थको तरबारमा धार लगाउन वंशवादी सामन्तीतन्त्रका अवशेषहरू तिलस्मी जाल बिछ्याउँदै मुख मिठ्याउन थालेका छन् । दिग्भ्रम-१: तिनै प्राचीन यामका कथावाचक इसपका अनेकन कथाहरू आज पनि विश्वभर लोकप्रिय छन् । उनका कथालाई इसपका कथाका रूपमा विश्वभर पढिन्छ । उनको एउटा कथा छ : एउटा कुकुर मुखमा हड्डी बोकेर नदीमाथि तेर्स्याइएको काठेपुल तरिरहेको थियो । नदीको पानी कञ्चन थियो र टल्किएको थियो ।

त्यो टल्किएको पानीमा कुकुरले आफ्नै छाया देख्यो । छायामा उसले आफूभन्दा ठूलो कुनै कुकुरले निकै ठूलो हड्डी बोकिरहेको थियो । त्यो देखेर उसले सोच्यो - ओहो कति ठूलो हड्डी रहेछ ! खोस्नुपर्‍यो । त्यसपछि ऊ मुखको हड्डी छाडेर नदीमा हाम्फाल्यो, छायामा देखिएको हड्डी खोस्न । तर, त्यहाँ न अर्को कुकुर थियो न ठूलो हड्डी ! यसरी उसले भ्रमले वशिभूत भएर भुइँको टिप्न खोज्दा मुखको हड्डीसमेत गुमायो । नेपाली समाजलाई ठूलो चोक्टाको लोभ देखाएर कष्टसाध्य संघर्षबाट प्राप्त उपलब्धि पनि फुत्काउने जुन षड्यन्त्र चलिरहेको छ, होस्मा छ नेपाली समाज भने अवश्य पनि बुझ्ने नै छ । भुइँको टिप्ने लोभमा पोल्टाको सातु गुमाउनु हुँदैन । बरु बेहालत वर्तमानबाट निस्केर अघि बढ्न वर्तमानलाई विद्रुप बनाइरहेका 'गल्लातन्त्र' का तमाम गल्लाहरूबाट गणतन्त्रलाई मुक्त गराउँदै नागरिक दायित्व निर्वाह गर्ने दिशामा अग्रसर हुनुपर्छ । अँगुलीमालको देशना: देशका नागरिकलाई अनागरिक बनाएर बेच्नेहरू खुलेआम सार्वजनिक मञ्चमा उभिएर नागरिकलाई सामाजिक नैतिकताको भाषण सुनाउने दुस्साहस गर्न सक्ने र त्यस्तालाई मञ्चमा आसीन गराएर भाषण सुन्दै मखलेल भएर ताली बजाउनेहरूको खडेरी नपर्ने देश नेपाल मात्रै हो कि अन्त पनि छ यस्तो दुर्लभ सामाजिक सहनशीलताको उदाहरण ? खुलेआम गुठीको जग्गा मिलेमतोमा लुँड्याउने मानिस पटकपटक देशको अर्थमन्त्रीमा दोहोरिन्छन् । नागरिक तिनैलाई मत हालेर जिताउँदै चोरलाई चौतारीमा बसाउँछन् र फलाक्छन् - 'देश भ्रष्टाचारको जालोमा जेलियो ।' कस्तो दिगमिगलाग्दो दृश्य ! सत्ताबाहिर छँदा अरूलाई आदर्श, नैतिकता र इमानको ठुल्ठूला विद्वत् प्रवचन दिनेहरू सत्ता हात परेपछि नागरिकलाई अनागरिक बनाएर बेच्ने धन्दा चलाउँछन् । भिजिट भिसामा विदेश जानेसँग पैसा उठाउन आफ्नो सुविधाको मानिसलाई अध्यागमन प्रमुख बनाउने र अख्तियारले आफ्नो प्यादालाई समात्ने थाहा पाएपछि सरुवा गरेर जोगाउने मानिस अलिक अघिसम्म अरूलाई नैतिकताको देशना बाँडिरहेका थिए- 'प्रश्न उठेपछि छानबिन हुनुपर्छ । छानबिन प्रभावित नहोस् भन्नका लागि पदबाट राजीनामा दिनुपर्छ ।' आफूले राजीनामा दिनुपर्ने अवस्था आएपछि भन्दै छन- 'कर्मचारीमाथि प्रश्न उठ्दैमा मन्त्रीले राजीनामा दिनुपर्दैन । मैले आफ्नो योजनाबद्धतामा अध्यागमन प्रमुख बनाएको, ऊ समातिने सूचना आउनासाथ सरुवा गरेर जोगाएको मानिसले मेरो नाम पोलेको छैन । दोषी प्रमाणित भए राजनीति छाड्छु ।'

म दोषी प्रमाणित भए देशको कानुनमै नभएको फाँसी दिए हुन्छ भनेर मिति गुज्रिएको जनभावना दोहनको राजनीति अब पुरानो भयो । देशको कानुनअनुसार भ्रष्टाचारमा दोषी प्रमाणित भए जेल जानुपर्छ । भ्रष्टाचारमा जेल गएपछि गर्छु भनेर पनि सार्वजनिक राजनीति गर्न पाइँदैन । चुनाव लड्न पाइँदैन । सिन्डिकेटमा सत्ता हत्याएका नैतिकहीनहरूका लागि मात्रै देशको संविधानमा भिन्नै सुविधा छैन । अब यस्ता थोत्रा इमोसनल कार्ड बेचेर राजनीतिको गुजारा चलाउने टाट पल्ट्याई बबईतिर बगाइदिए हुन्छ, नेपाली समाजले किन्दैन ।

साभार : कान्तिपुर ।


अत्याधिक गर्मीको जोखिम क-कसलाई हुन्छ ?




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियां गाउंपालिकाको कार्यालय
धनुषा , मधेश प्रदेश



## पत्रिका/पेपर

कम्प्यूटराईज गराउन सम्झनुहोस्।



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिकाको कार्यालय
धनुषा , मधेश प्रदेश






अनुरोधकर्ता
धनौजि गाउंपालिकाको कार्यालय
धनुषा,मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday